मिति २०७५।२।२२ गते मंगलबार बसेको नगरकार्यपालिका वैठकमा पेश भएका प्रस्तावहरु:

१. नगरसभा संचालन गर्ने समयतालिका पेश गर्ने ।

२. राजश्व परामर्श समितिबाट प्रतिवेदन उपर छलफल गरी आगामी आ. ब. को लागि लाग्ने कर, दस्तुर तथा शुल्क र ठेक्का बन्दोबस्तको स्वीकृती दिने ।

३. पुराना घरको अद्यावधिक तथा नक्सा पास सम्बन्धमा उपसमितिबाट प्राप्त प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्णय गर्ने ।

४. नगर उपप्रमुखको मलेशिया तथा थाइल्याण्डको भ्रमण बारे जानकारी गराउने ।

५. घर भाडामा लिएको रकम निर्धारण सम्बन्धमा ।

६. अनुगमनको लागि मस्यौदा गरेको फाराम तथा अनुगमन समितिमा सदस्य तोक्ने सम्बन्धमा ।

७. शैक्षिक गुठीको विधान दर्ता तथा अनुमति सम्बन्धमा

८. अन्य विविध समसामयिक बिषयहरु उपर छलफल ।

**निर्णयहरु:**

**निर्णय नं. १** : प्रस्ताव नं. १ माथि छलफल गर्दा नगरसभा संचालन गर्ने सयमसीमा सम्बन्धमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा कार्य विभाजन/कार्य सम्पादन नियमावली एवं स्थानीय तहको योजना तर्जुमा निर्देशिका, २०७४ (परिमार्जन सहित) को व्यवस्था बमोजिम आगामी आर्थिक बर्षको नीति, कार्यक्रम, बजेट पास पारित गर्न नगर सभा गर्नु पर्ने भएको र त्यसको लागि २०७५ साल असार १० गते सभा शुरु गर्नु पर्ने वाध्यकारी व्यवस्था भए अनुरुप दोश्रो नगर सभा २०७५ साल असार १० गते आइतबार विहान ११:०० बजे शुभारम्म गर्ने निर्णय गरियो ।

तपसिल : बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु

| सि.नं. | कार्यक्रम तथा चरणको विवरण | तोकिएको मिति | | कार्यान्वयन स्थान |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | वित्तीय हस्तान्तरण तथा मार्ग दर्शन प्राप्ती (आय व्ययको प्रक्षेपण, संघ र प्रदेशबाट बजेट सीमा प्राप्त) | संघबाट प्राप्त भएको (जेष्ठ १५ गतेको बजेट वक्तव्य मार्फत), प्रदेशबाट प्राप्त नभएको | | |
| २. | श्रोत अनुमान तथा कुल बजेट सीमा निर्धारण | २०७५।२।२ | २०७५।२।२ | |
| ३. | बस्ती । टोल स्तरबाट योजना छनौट | २०७५।२।४ | २०७५।२।४ | हरेक वडाका टोल बस्तीहरु |
| ४. | वडा स्तरीय योजना छनौट | | | वडा कार्यालयहरु |
| | क. वडा स्तरीय योजना प्राथमिकीकरण | २०७५।२।५ | | वडा कार्यालयहरु |
| | ख. वडाबाट छनौट भएका योजना न.पा मा पेश | २०७५।३।६ | | वडा कार्यालयहरु |
| ५. | एकिकृत बजेट तथा योजना तर्जुमा | २०७५।३।७ | २०७५।३।७ | नगरपालिका |
| ६. | नगर कार्यपालिकामा बजेट तथा कार्यक्रम बारे छलफल तथा स्वीकृति | २०७५।३।८ | २०७५।३।९ | नगरपालिका |
| ७. | नगर सभा प्रारम्भ, बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृति | २०७५।३।१० | २०७५।३।२५ | नगरपालिका |

Scanned by CamScanner

यसैगरी आगामी नगर सभामा पेश गर्ने नीति, कार्यक्रम तथा बजेट निर्माण सम्बन्धमा निम्नानुसारको तयारी उपसमिति गठन गर्ने निर्णय गरियो :

संयोजक : नगर उपप्रमुख सरियार कुमारी चौधरी

सदस्य : प्रमुख प्रशासकीय अधिकृत तिर्थराज भट्टराई

सदस्यः लेखा अधिकृत मायानाथ आचार्य

सदस्यः ईन्जिनियर श्री शत्रुधन प्रसाद चौधरी

सदस्य : शाखा अधिकृत शिव लम्साल

सदस्य : ना.सु. रामकृष्ण महतो

उक्त उपसमितिले कार्यालय कार्यालय समयभन्दा वाहेक विहान तथा बेलुकी समेत खटिई तोकिएको समयमा नगरसभा सम्पन्न गर्नको लागि आवश्यक तयारी गर्नु पर्ने छ। यसरी पदाधिकारी तथा कर्मचारीलाई खटिएको आधारमा प्रोत्साहनको व्यवस्था गरिनेछ।

निर्णय नं. २

प्रस्ताव नं. २. उपर छलफल गर्दा लहान नगरपालिका स्तरीय राजश्व परामर्श समितिबाट आगामी आर्थिक बर्षको लागि प्रस्ताव गरिएका कर, दस्तुर तथा सेवा शुल्क र विभिन्न ठेक्का बन्दोबस्त लगाउनको लागि सिफारिस पेश हुन आएको हुँदा कर, दस्तुर तथा सेवा शुल्कको हकमा नगरसभा हुँदाका वखत केही परिमार्जन हुने भई सो समेत गरी पेश गर्ने र ठेक्का बन्दोबस्तको हकमा तत्कालै नगर्दा आगामी आर्थिक बर्ष २०७५।०७६ को आन्तरिक आय प्रभावित हुने देखिएकोले राजश्व परामर्श समितिबाट सिफारिस भई आएका निम्नानुसारको ठेक्का बन्दोबस्त गर्ने प्रक्रिया अगाड़ी बढाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो।

निम्नानुसार

| सि.नं | ठेक्काको नाम | न्यूनतम अंक अघिल्लो बर्षको कायम | आ.व. ०७४/०७५ बन्दोबस्त | आ.व. ०७५/०७६ अनुमान | अनुमानित |
|---|---|---|---|---|---|
| ०१. | नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क/ वातावरण शुल्क | ६१,००,०००।- | ६१,५१,०००।- | ६१,६०,०००।- | |
| ०२. | खसी वाखा हाटवजार सेवा शुल्क | १७,११,७७७।- | १९,६१,५५५।- | २०,००,०००।- | |
| ०३. | पटके सवारी कर/सवारी साधन कर | १५,२१,००१।- | २०,९९,९९८।- | २१,१०,०००।- | |
| ०४. | विज्ञापन कर | १,६०,०००।- | ६,५५,५५५।- | ६,६०,०००।- | |
| ०५ | गुदरी बजार (साविक २४ वटा वडा) (१३, १५,१६, १९,१८,१७,२३ वडामा २५ प्रतिशत छुट दिने गरी) | | ३०,११,०००।०० | ३३,००,०११।०० | |

Scanned by CamScanner

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर छलफल गर्दा लहान नगरपालिकामा नगरपालिका घोषणा हुनु पुर्व (२०३२ साल पुर्व) तथा तत्पश्चात समेत तत्कालिन नगरपालिका क्षेत्र तथा हाल नगरपालिकामा पुर्नसंरचित भई समाहित भएका साविकका गाउँ विकास समितिहरुमा निर्माण भएका घर तथा भवनहरुको नक्सा पास तथा अभिलेखीकरण सम्बन्धमा मिति २०७५।१।१५ गतेको कार्यपालिकाको निर्णयबाट गठित कार्यदलले पेश गरेको अनुसूचि बमोजिमको प्रतिवेदनलाई परिमार्जन सहित स्वीकृत गरि सोही अनुसार नगरपालिकाले कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस लहान नगरपालिकाको उपप्रमुखज्यू यही २०७५।२।२५ गतेदेखि मलेशिया तथा थाइल्याण्डको भ्रमणमा जानुहुने र निजको काठमाडौं देखि काठमाडौं फर्कदासम्मको हवाई भाडा साना किसान सहकारी संस्था लिमिटेडले व्यहोर्ने भएको हुँदा अन्य व्यवस्थापनको लागि रकम माग भई आएको सन्दर्भमा उक्त भ्रमण नगरपालिकाको लागि समेत उपयोगी हुने भएकोले निजलाई अन्य आवश्यक व्यवस्थापन गर्नको हाललाई रु. ५०,०००।- (पचास हजार) रकम सहयोग उपलब्ध गराई दिने ।

निर्णय नं. ५

यस लहान नगरपालिका भित्रका २४ वटै वडा कार्यालयहरुबाट प्रदान गरिने सेवालाई नागरिकमैत्री तथा नजिकबाट पुऱ्याउने उदेश्यले विभिन्न वडा कार्यालयहरुलाई आ-आफ्नो वडामै स्थापना गरी कार्य संचालन गर्नको लागि निम्नानुसारका वडाहरुबाट निर्णय तथा माग भई आएको तथा कार्यालयमा आउनु भएका लहान सिरहा भन्दा वाहिरबाट आएका अधिकृतहरुलाई बसोबासको लागि तत्काल २ वटा कोठा भाडामा लिनु पर्ने देखिएकोले प्रेश भएको भाडालाई निम्नानुसार घरभाडा निर्धारण गरी स्वीकृत गरियो ।

निम्नानुसार

| सि. नं. | प्रयोग हुने वडा वा पदाधिकारी | वडाबाट माग भई आएको भाडा (प्रति महिना) | निर्धारण भएको भाडा | कैफियत |
|---|---|---|---|---|
| १ | लहान नगरपालिका वडा नं. ५ को कार्यालय | १०,०००।०० (पानी र विजुली अतिरिक्त) | | |
| २ | लहान नगरपालिका वडा नं. ८ को कार्यालय | १०,०००।०० (पानी र विजुली अतिरिक्त) | | |
| ३ | लहान नगरपालिका वडा नं. ११ को कार्यालय | ३,५००।०० र विजुली अतिरिक्त | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | लहान नगरपालिका वडा नं. १२ को कार्यालय | ६,०००।०० र विजुली अतिरिक्त | | |
| ५ | शाखा अधिकृतले प्रयोग गरेको आवास | रु. ३,५००।०० | | |
| ६ | लेखा अधिकृतले प्रयोग गरेको आवास | रु. ३,५००।०० | | |

निर्णय नं. ६.

प्रस्ताव नं. ६ मा उल्लेखित बिषयमा छलफल गर्दा अनुसूचि बमोजिमको अनुगमन फारामको मस्यौदालाई स्वीकृत गरियो । साथै नगरस्तरीय अनुगमन समितिमा आवश्यक २ जना सदस्यमा एक जना महिला सदस्य सहित हुनु पर्नेमा निम्नानुसार सदस्यहरु रहने गरी अनुगमन समितिलाई पूर्णता दिने निर्णय गरियो ।

सदस्य : विजय कुमार महतो

सदस्य : कमलदेव यादव

महिला सदस्य : शुशीला यादव

निर्णय नं.७ : प्रस्ताव नं. ०७ माथि छलफल गर्दा तपशिलमा उल्लेखित शैक्षिक नीजि गुठी दर्ताका लागि यस कार्यालयवाट जारी सूचनानुसार समयमा शैक्षिक नीजि गुठीको विधान पेश गर्ने देहायका संस्थाहरुको विधान स्वीकृत गरी शैक्षिक गुठीको रुपमा विद्यालय संचालन अनुमति दिन नगरस्तरीय शिक्षा समितिबाट निर्णय भई आएको हुँदा तपसिलमा उल्लेखित शैक्षिक संस्थालाई निजी गुठी दर्ता गरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

क. गोविन्दबाबा ई.वो.स्कुल लहान २२ ।
ख. राजाजी बाबा ज्ञानकुन्ज लहान १६ ।
ग. मेरी चिल्ड्रेन पोइन्ट ई. बो. प्रा.लि. लहान २४ ।

निर्णय नं. ८ :

प्रस्ताव नं. ८ उपर उल्लेखित अन्य विविध बिषयहरुमा छलफल गर्दा निम्नानुसार गर्ने निर्णय गरियो ।

निम्नानुसार

| सि. नं. | बिषय | माग गरेको रकम | गरिएको निर्णय |
|---|---|---|---|
| १ | शसस्त्र प्रहरी बल नेपाल, सुरक्षा वेश क्याम्प, लहानले गाडी मर्मतको सहयोग माग गरेको | रु. १ लाख | तत्कालमा नगर क्षेत्रमा शान्ति सुरक्षा समेत कायम गरी सहयोग गर्ने र चाहियको समयमा सुरक्षा समेत प्रदान गर्ने हुनाले हाललाई |

| | | | |
|---|---|---|---|
| | | | एकपटकको लागि ५० हजारमा नबढ्ने गरी गाडी मर्मत गर्न लगाई त्यसको भुक्तानी दिने । |
| २. | लहान नगरपालिका ५ बस्ने खुर्सेद मिया | क्यान्सर रोगले ग्रसित भएको हुँदा आर्थिक सहयोग माग गरेको | क्यान्सर रोग लागेर ग्रस्त भएको गरिव समेत भएकोले १ पटकको लागि रु. २५,०००।०० सहयोग उपलब्ध गराई दिने । |
| ३ | नेपाल रेडक्रस सोसाईटी उपशाखा, लहानले संचालन गरेको ब्लड बैंकमा लगायतको व्यवस्थापन गर्नु पर्ने । | रु. १२, १८,३६४।०० माग भएको । | यसमा पछि निर्णय गर्ने । |
| ४. | इलाका प्रशासन कार्यालय, लहान रंगरोगन तथा फर्निचर | रंगरोगन तथा फर्निचरको लागि रु २५०,००० माग भएको | माग मध्ये यस नगरपालिकामा रकम अभाव समेत भएको अवस्था रहँदा हाललाई रु. २५,०००।०० बराबरको कार्पेट तथा फर्निचरको व्यवस्थापन गर्न लगाई भुक्तानी दिने । |
| ५. | जग्गा उपलब्ध गराई दिने निवेदन प्राप्त भएको | १. नेपाल अर्बुद रोग निवारण संस्था (क्यान्सर अस्पताल) | लहान नगरपालिका वडा न १८ को पकडिया मेला देखि मुथनी जंगल पश्चिमको नदि उकास प्रति जग्गा अन्दाजी ८ विगाहा उपलब्ध गराउने । |
| ६ | मलपोत कार्यालय, उदयपुरको पत्र ज्ञानकारी सम्बन्धमा | मोठ श्रेष्ता कायम सम्बन्धमा लेखेको पत्रमा अन्यथा व्यवस्था नभएसम्म लहानको लागि श्रेष्ता पठाउन नसकिने जानकारी प्राप्त भएको | यसमा दुई जिल्ला तथा दुई प्रदेश समेतमा पर्ने भएकोले संघीय सरकारसँग समेत पत्राचार गरी यसको व्यवस्थापनको लागि लाग्नु पर्ने । |
| ७. | लहान नगरपालिका वार्ड नं. २२ बस्ने लक्ष्मण यादव | क्यान्सर रोगले ग्रसित भएको हुँदा आर्थिक सहयोग माग गरेको | क्यान्सर रोग लागेर ग्रस्त भएको गरिव समेत भएकोले १ पटकको लागि रु. २५,०००।०० सहयोग उपलब्ध गराई दिने । |

निर्णय नं. ९ :

प्रस्ताव नं. ९ माथि छलफल गर्दा सम्बन्धित वडा कार्यालयहरुबाट निर्णय भई आएकोको हकमा सोही बमोजिम सडक अधिकार क्षेत्र (राइट अफ वे) कायम गर्ने निर्णय गरियो । निर्णय हुन बाँकी रहेका वडाहरुबाट यथाशिघ्र मापदण्ड तोकी पठाउने र आगामी वैठकमा राखी निर्णय गरियो ।

निर्णय नं. १० : लहान नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुमा साविकमा निर्णय गरि कार्यान्वयन गरेका योजनाहरुमा कुनैमा केही रकम संधोधन गर्नु पर्नेमा वडा कार्यालयबाट पेश भएका संधोधन प्रस्तावलाई स्वीकृत गरियो । साथै कुनै वडाको बजेट संशोधन गर्नु परेमा प्रमुख प्रशासकीय अधिकृत तथा नगर प्रमुखले निर्णय गरी व्यवस्थापन्न गर्ने ।

निर्णय नं. ११: नेपाल विद्युत प्राधिकरण, लहान वितरण केन्द्रका शाखा प्रमुख विष्णुप्रसाद यादव र ईन्जिनियर अनिल कुमार चौधरीले लहान नगरपालिकाबाट पटक पटक अनुरोध गरेका स्टिमेट नगर्ने, तार पोल उपलब्ध नगराउने, सडक क्षेत्रमा भएका पोलहरु हटाउने लगायतका कार्यहरु समेत नगरेको र नगरपालिकाको अनुरोध एवं आग्रहलाई नटेरेको हुँदा नगरपालिकालाई सहयोग नगरे वापत तत्काल खेद प्रस्ताव पारित गर्ने र यसको निर्णय आवश्यक जानकारी एवं कारवाहीको लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

लहान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सम्पर्क नं.०३३- ५६०१३८, ५६०१३९, ५६०३७०, ५६०७४३, ५६०१३७(फ्याक्स)

लहान, सिरहा

२ नं. प्रदेश, नेपाल।

त्र संख्याः-

लानी नं.-

मितिः-

आ.व.

क्र.सं. योजना विवरण (क) उ.स. को अध्यक्षको नामः

१. नाम र स्थानः

२. लागत अनुमानः........................स्थानीय तहको विनियोजित रकम रु.................उ.स. रकम रु...........अन्य रकम रु......

३. कार्यान्वयन प्रक्रिया(माध्यम)

क. उपभोक्ता समिति संस्थाः ख. सामुदायिक संस्थाः

ग. गैरसरकारी संस्थाः घ. विषयगत कार्यालयः

ङ. सार्वजनिक निजी साझेदारीः

४. उपभोक्ता समितिको विवरणः पुरुष ........ जना र महिला ......... जना अनुगमन समितिको विवरणः....................

५. योजनाः क. सम्झौता मितिः ख. सम्पन्न हुने मितिः

ग. सम्पन्न भएको मितिः

घ. अनुगमन समिति संख्याः

६. योजना अनुगमनः

क. आर्थिक पक्ष(योजनामा प्राप्त बजेट तोकिएको उद्देश्यमा लगानी भए नभएको)

ख. भौतिक पक्ष(कार्यतालिका बमोजिमको समयमा कार्य भए नभएको)

सुपरीवेक्षण, सहजीकरण भए नभएकोः

तोकिएको लक्षित समूहमा कार्यक्रम पुगेकों, नपुगेको वा तिनीहरुको सहभागिता भए नभएकोः

सार्वजनिक परीक्षण, पारदर्शिता सम्बन्धी काम भए, नभएको

ग. वातावरणीय पक्ष

Scanned by CamScanner

घ. बजेटमा प्राप्त उपलब्धी बारे लेख्ने:

ङ. सारांशः-

योजना,, कार्यक्रम प्रति आम उपभोक्ताको धारणा तथा राय

योजना कार्यक्रम प्रति अनुगमनकर्ताको राय

| | | |
|---|---|---|
| ............................ फिल्ड प्राविधिक (सब-ईन्जिनियर) | ............................ (वडाध्यक्ष) | ............................ (ईन्जिनियर) |

**अनुगमन समितिको तर्फबाटः-**

| | | | | |
|---|---|---|---|---|
| ...................... सुशिला कु. चौधरी (महिला सदस्य) | ...................... विजय कु. महतो (सदस्य) | ...................... कमलदेव यादव (सदस्य) | ...................... शाखा अधिकृत (प्रशासन शाखा) | ...................... नगर-उपप्रमुख (संयोजक) |

**भुक्तानीको लागि सिफारिसः-**

अनुगमन समितिको प्रतिवेदन समेतबाट भुक्तानी निर्णय गर्ने:-

............................
(लेखा अधिकृत)

............................
प्रमुख प्रशासकीय अधिकृत
(स्वीकृत गर्ने)

Scanned by CamScanner

## नगरपालिका क्षेत्र विस्तार हुनुअघि तथा नक्सा पास नभई निर्माण भएका भवनहरु सम्वन्धि कार्यविधि, २०७५

लहान नगरपालिका वि.सं. २०३२ सालमा घोषण भई १० वटा वडा रहेको अवस्थामा यस क्षेत्रका भदैया, ढोढना, वस्तिपुर, त. गोविन्दपुर, पडरिया, सिसवनी, ब्रहमान गोरछारी, सोनमति मझौरा, भवानीपुर कालाबन्जर, गाढा र गोविन्दपुर मलहन्मा गा.वि.स.लाई समेटी नेपाल सरकारको निर्णयानुसार क्षेत्र विस्तार भई २४ वटा बडा भएको नगरपालिका हो । नगरपालिका क्षेत्र विस्तार हुनुअघि यस नगरपालिकामा समाहित भएका गा.वि.स.हरुमा नकसा पासको व्यवस्था नरहेको र यस क्षेत्रमा नक्सा पास नभई निर्माण भएका पक्की भवनहरुको संख्या उलेख्य मात्रामा रहेको छ । यस तथ्यलाई मध्यनजर गरी नगरपलिका क्षेत्र विस्तार हुनुअघि/नक्सा पास नभई निर्माण भएका भवनहरु सम्वन्धि देहाय वमोजिम कार्यविधि प्रस्ताव गरी नगर कार्यपालिकामा सिफारिश गरिएको छ ।

०१. नगरपलिका क्षेत्र विस्तार हुनुअघि/नक्सा पास नभई निर्माण भएका भवनका धनीहरुलाई नगरकार्यपालिकाको कार्यालयबाट आ.व. २०७५/०७६ सम्मको समय दिई नक्सा पास/भवन निर्माण प्रमाणीकरण गराई नियमित गर्न/गराउन सार्वजनिक सूचना प्रकाशन गरी आहवान गरिनेछ । तर लहान नगरपालिकाले आवश्यकता अनुसार पुनः म्याद थप गर्न सकिनेछ ।

०२. पूर्व निर्मित भवनको नक्सा पास तथा भवन प्रमाणीकरण गर्न दरखास्त साथ निम्नानुसार कागजात पेश गर्नु पर्नेछ ।

- घरधनीको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी – १ प्रति ।
- जग्गाधनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपी – १ प्रति ।
- नापी कार्यालयबाट प्रमाणित भएको जग्गाको ब्लुप्रिन्ट नक्सा ।
- चालु आ.व. सम्मको एकिकृत सम्पति कर तिरेको प्रमाणको प्रतिलिपी–१ प्रतिका साथै यस नगरपालिकालाई तिर्न बुझाउन पर्ने सवै प्रकारका कर तिरेको व्यहोरा राजस्व शाखाले प्रमाणित गरेको हुनुपर्नेछ ।
- इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएका आर्किटेक्ट वा सिभिल इन्जिनियर तथा नगरपालिकामा दर्ता भएको कन्सल्टेन्सीबाट तयार भई सहिछाप भएका भवनको नक्सा – ३ प्रति ।

०३. तोकिएको समयभित्र प्राप्त दरखास्त तोकिएको विवरण सहित पेश गरिएका कागजात चेक जाँच गरी छुट्टै अभिलेख राखी दर्ता गरिनेछ ।

०४. नगरपालिका कार्यालयमा नक्सा पास तथा भवन प्रमाणीकरणका लागि दरखास्त दर्ता भएपछि कार्यालयले स्थलगत जाँचबुझ गर्न सम्वन्धित वडा अध्यक्ष सहितका प्राविधिक कर्मचारी सम्मिलित टोली फिल्डमा खटाउनेछ ।

०५. फिल्डमा खटिएका टोलीले स्थलगत अध्ययन गरी सडकको क्षेत्राधिकार मिचे नमिचेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण भए नभएको, भवन अनुसारको नक्शा भए/नभएको र भवनको बर्तमान अवस्था समेत अध्ययन गरी नक्सा पास गर्न मिल्ने/नमिल्ने राय सिफारिश सहितको प्रतिवेदन नगरपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

०६. नक्सा पास गर्न मिल्ने सहितको प्रतिवेदन प्राप्त हुन आएमा १७ मी.सम्म उचाई भएका निर्माण भएको भवनको सम्पूर्ण जोखिमको जिम्मेवारी घरधनीमा नै रहने गरी मौजुदा मापदण्ड तथा नगरपालिको निर्णय अनुसार सेटब्याक छोड्ने व्यहोराको कानून वमोजिमको कबुलियत समेतको शर्त गराई जिम्मेवार कर्मचारीको रोहवरमा सनाखत गरी/गराई नगर कार्यपालिकाको कार्यालयले नक्सापास दस्तुर र वडा नं. ११ देखि २४ मा बाहेक न्यूनतम

Scanned by CamScanner

शतप्रतिशत जरिवाना लिई नक्सा पास तथा भवन निर्माण सम्पन्न प्रमाण पत्र जारी गर्नेछ । तर निर्माण भईसकेका १७ मी. भन्दा अग्ला भवनका हकमा भवन डिभिजन कार्यालयको सिफारिशमा मात्र नक्सा पास गर्नेछ ।

०७. १०"x १०" आर.सि.सि. पिलर राखी भूईतल्ले/एकतल्ले निर्माण भएको भवनमा थप निर्माणको लागि नक्सा पास गराउन मौजुदा मापदण्डको अन्य प्रावधानहरुसंग मेल खाने गरी नक्सा सहितको दरखास्त प्राप्त भएमा आवश्यक प्रकृया पूरा गरी सम्पूर्ण जोखिमको जिम्मेवारी घरधनीमा नै रहने व्यहोराको कानून वमोजिमको कबुलियत समेतको शर्त गराई जिम्मेवार कर्मचारीको रोहवरमा सनाखत गरी/गराई नगर कार्यपालिकाको कार्यालयले नक्सापास दस्तुर लिई भूईतल्ला सहित तीन तल्लासम्म मात्र भवन निर्माण गर्न नक्सा पास गर्नेछ ।

०८. सडकको क्षेत्राधिकार, सार्वजनिक वा सरकारी जग्गा, साँध संधियार आदीको जग्गा नमिचेका तर भवन निर्माण प्रमाणीकरण मात्र गर्न सकिने भनी प्रतिवेदन प्राप्त भएका भवनहरुलाई नगरपालिकामा अभिलेख राखी सम्पूर्ण जोखिमको जिम्मेवारी घरधनीमा नै रहने गरी मौजुदा मापदण्ड तथा नगरपालिको निर्णय अनुसार सेटब्याक छोड्ने र थप संरचना नबनाउने व्यहोराको कानून वमोजिमको कबुलियत समेतको शर्त गराई जिम्मेवार कर्मचारीको रोहवरमा सनाखत गरी/गराई नगर कार्यपालिकाको कार्यालयले नक्सापास दस्तुर लिई भवन निर्माण प्रमाणीकरण प्रमाण पत्र जारी गर्नेछ । तर भवन निर्माण प्रमाणिकरण गरेकै आधारमा कानुन वमोजिमको कारवाही गर्न बाधा पुगेको मानिने छैन ।

०९. नगरपालिकाबाट प्रथम चरणको नक्सा पास गराई स्वीकृति वेगर सुरक्षाको दृष्टिकोणले बनोट कमजोर हुनेगरी हेरफेर गरी निर्माण गरेको पाइएमा सम्पूर्ण जोखिमको जिम्मेवारी घरधनीमा नै रहने व्यहोराको कानून वमोजिमको कबुलियत समेतको शर्त गराई जिम्मेवार कर्मचारीको रोहवरमा सनाखत गरी/गराई नगर कार्यपालिकाको कार्यालयले भूईतल्ला सहित तीन तल्लासम्म मात्र भवन निर्माण गर्न नक्सा पास गर्नेछ ।

१०. नगरपालिकाबाट नक्सा पास गराई प्लिन्थ एरियामा ५ प्रतिशतसम्म बढी र आन्तरिक तथा वाह्य बनौटमा सामान्य हेरफेर गरी निर्माण भएको भवनको हकमा नगर कार्यपालिकाको कार्यालयले नक्सा पास दस्तुरको १० प्रतिशत जरिवाना गरी निर्माण समपन्न प्रमाण पत्र प्रदान गर्नेछ ।

११. नक्सा पास गरी निर्माण भएको घरजग्गा खरिद विक्री भई सम्वन्धित निकायबाट विभिन्न व्यक्ति/संघसंस्थामा हक हस्तान्तरण भएको व्यहोरा यकिन नभई जग्गा धनी प्रमाण पुर्जामा घर उल्लेख रहेको अवस्थामा घरनक्सा नामसारीको लागि दरखास्त प्राप्त भएमा रु. ५,०००।०० र जग्गा धनी प्रमाणपुर्जामा घर उल्लेख नरहेको अवस्थामा घरनक्सा नामसारीको लागि दरखास्त प्राप्त भएमा रु. १०,०००।०० जरिवाना गरी मात्र नगर कार्यपालिकाको कार्यालयले घरनक्सा नामसारी गर्नेछ ।

१२. उल्लेखित व्यवस्था कार्यान्वयन गर्दा समेत घरनक्सा पास तथा भवन प्रमाणिकरण हुन नसकेमा नगरपालिकाले थप निर्णय गर्न सक्नेछ ।

Scanned by CamScanner

श्री नगर प्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लहान नगरकार्यपालिकाको कार्यालय,
लहान न.पा., सिरहा।

फोटो

विषयः- अभिलेखिकरण प्रमाण-पत्र पाउँ भन्ने बारे।

महोदय,

प्रस्तुत विषयमा जिल्ला सिरहा साविक......................गा.वि.स. वडा नं. ...... को हाल लहान न.पा. वडा नं. ...... स्थित कि.नं. ........... को क्षे.फ. ..................... जग्गामा जग्गाधनी श्री ..................................... ले साविक ......................... गा.वि.स./न.पा. बाट मिति ........................मा अस्थायी ईजाजत-पत्र/निर्माण ईजाजत-पत्र/नक्सा प्रमाणित, मिति......................मा निर्माण नियमित प्रमाण-पत्र, मिति..........................मा स्थायी ईजाजत-पत्र लिएको हुँदा हाल निर्मित भवनको अभिलेखीकरण प्रमाण-पत्रका लागि यो निवेदन पेश गरेको छु।

तपसिलः-

नक्सा पास/प्रमाणित नक्सा/सिफारिस पत्रमा उल्लेख भएको भवनको विवरणः-

| मोहडा | लम्बाई | चौडाई | तल्ला संख्या | उचाई | कूल वर्ग फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

निर्मित भवनको विवरणः-

| मोहडा | लम्बाई | चौडाई | तल्ला संख्या | उचाई | कूल वर्ग फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**निवेदकको विवरणः-**

नामः-
ठेगानाः-
ना.प्र.प.नं. - जारी मितिः- जारी जिल्लाः-
सम्पर्क नं. —
हस्ताक्षरः-

Scanned by CamScanner

४२

फोटो

श्री नगर प्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लहान नगरकार्यपालिकाको कार्यालय,
लहान न.पा., सिरहा।

विषयः- नक्सा पास गरी प्रमाण-पत्र पाउँ भन्ने बारे।

महोदय,

प्रस्तुत विषयमा जिल्ला सिरहा साविक.........................गा.वि.स. वडा नं. ...... को हाल लहान न.पा. वडा नं. ...... स्थित कि.नं. .......... को क्षे.फ. .................. जग्गामा म जग्गाधनी ................................... ले साविक ......................... गा.वि.स./न.पा. बाट नक्सा स्वीकृत नगराई निर्माण गरेको तपसिल बमोजिमको व्यहोराको घर निर्माण भईसकेको हुँदा मैले पेश गरेको घर बमोजिमको नक्सा कायम गरी नक्सा पास गरी प्रमाण-पत्र उपलब्धताका लागि यो निवेदन पेश गरेको छु।

तपसिलः-

नक्सा पास/प्रमाणित नक्सा/सिफारिस पत्रमा उल्लेख भएको भवनको विवरणः-

| मोहडा | लम्बाई | चौडाई | तल्ला संख्या | उचाई | कूल वर्ग फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

निर्मित भवनको विवरणः-

| मोहडा | लम्बाई | चौडाई | तल्ला संख्या | उचाई | कूल वर्ग फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**निवेदकको विवरणः-**

नामः-
ठेगानाः-
ना.प्र.प.नं. - जारी मितिः- जारी जिल्लाः-
सम्पर्क नं. —
हस्ताक्षरः-

Scanned by CamScanner

लिखितम् मेरो नाममा मालपोत कार्यालय, लहानमा दर्ता प्रमाणित भएको जिल्ला सिरहा, साविक ....................... गा.वि.सं. वडा नं. .... कि.नं. ........... क्षे.फ. ............ व.मि. जग्गामा यस नगरपालिका वा साविक ...................... गा.वि.स. को च.नं. ............ मिति .................... मा जम्मा ..................व.मि. नक्शा पास भई बनिसकेको घर भएकोले उक्त घरको निर्माण सम्पन्न भवनको अभिलेखिकरण प्रमाण-पत्र लिनको लागि जग्गाधनी ................................ ले दिनुभएको निवेदन अनुसार तपाईं सौंध सँधियारलाई सोधनी गरिन्छ। उक्त घरजग्गाले सार्वजनिक, प्रति जग्गा, बाटो, सिमाना, सौंध सँधियारको जग्गा, पुल पुलेसो केही कसैलाई असर गरेको छ छैन? सत्य तथ्य लेखी लेखाई दिनु भनी सोधनी गरिन्छ।

यसमा माथि उल्लेखित जग्गाधनी................................... का नाममा बनेको घरले कोही कसैलाई असर परेको देखिँदैन, यदी कहिँकतै असर परेको भएमा उक्त प्रमाण-पत्र स्वतः बदर हुने गरी हाललाई उक्त घर निर्माण सम्पन्न भवनको अभिलेखिकरण प्रमाण-पत्र दिनको लागि यो सहीछाप गरिदियौं।

तपसिलः-

लहान न.पा. हाल वडा नं. ...... बस्ने वर्ष ...... को श्री ..........................................

लहान न.पा. हाल वडा नं. ...... बस्ने वर्ष ...... को श्री ..........................................

लहान न.पा. हाल वडा नं. ...... बस्ने वर्ष ...... को श्री ..........................................

लहान न.पा. हाल वडा नं. ...... बस्ने वर्ष ...... को श्री ..........................................

लहान न.पा. हाल वडा नं. ...... बस्ने वर्ष ...... को श्री ..........................................

रोहवरः-

सम्बन्धित निवेदकः-

काम तामेल गर्नेः-

सम्बन्धित वडा अध्यक्षः-

ईति सम्वत् २०७५ साल ............. महिना ...... गते रोज .......... शुभम्...........................।

Scanned by CamScanner

# लहान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लहान, सिरहा

२ नं. प्रदेश, नेपाल।

सम्पर्क नं.०३३-
५६०१३८
५६०१३९
५६०३७०
५६०७४३
५६०१३७(फ्याक्स)

पत्र संख्याः-

चलानी नं.-

मितिः-

फोटो

श्री .............................................

.............................................।

विषयः- पूर्व निर्मित भवनको अभिलेखिकरण प्रमाण-पत्र।

उपरोक्त सम्बन्धमा तपाईंको नाममा मालपोत कार्यालय, लहान, सिरहामा दर्ता प्रमाणित भएको सिरहा जिल्ला साबिक ............................ गा.वि.स. वडा नं. ..... सिट नं. ...................... कि.नं. ......... को क्षेत्रफल ................ व.मि. जग्गामा यस नगरपालिकाको वा साविक .......................... गा.वि.स. को च.नं. ............. मिति ...................... मा पास भएको नक्सा पास/नक्सा प्रमाणित/निर्माण सिफारिस वा बनिसकेको घर भएकोले तपसिलमा उल्लेखित विवरणको घर बमोजिमको नक्शा प्रमाणित गरी घर निर्माणको प्रमाण-पत्र तथा सम्पन्न प्रमाण-पत्र पाउँ भनी यस कार्यालयमा निवेदन दिएको हुँदा तपाईंले निर्माण गर्नुभएको पूर्व निर्मित भवनको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को बुँदा ८(क), (ग) र स्थलगत सर्जमिन एवं सम्बन्धित वडाको सिफारिस समेतको आधारमा साविक संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (पूर्वाधार विकास महाशाखा) को प.सं. ०७३/०७४ च.नं.२६८ मिति २०७४।०१।२६ को परिपत्र र यस नगर कार्यपालिकाको मिति .................... को निर्णय बमोजिम सार्वजनिक पर्ति जग्गा, बाटोको सिमाना, साँध सँधियारको जग्गा घुसेको भएमा र जग्गाको हक हिस्सा कच्चा ठहरिएमा स्वतः बदर हुने गरी तपसिल बमोजिम भवनको यस कार्यालयमा अभिलेखीकरण गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

<u>तपसिल</u>

<u>नक्सा पास/नक्सा प्रमाणित/नक्सा सिफारिस पत्रमा उल्लेख भएको भवनको विवरणः-</u>

| मोहडा | लम्बाई | चौडाई | तल्ला संख्या | उचाई | कूल वर्ग फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

<u>निर्मित भवनको विवरणः-</u>

| मोहडा | लम्बाई | चौडाई | तल्ला संख्या | उचाई | कूल वर्ग फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

माथि उल्लेखित विवरण ठिकसाँचो हो, फरक ठहरे कानुन बमोजिम सहुँला बुझाउँला भनी सहीछाप गर्ने

घरधनी..........................ना.प्र.नं..........................सम्पर्क नं...............................दस्तखत..........................

| ......................... | ......................... | ......................... | ......................... |
|---|---|---|---|
| फिल्ड निरिक्षण गरी पेश गर्ने प्राविधिक | वडाध्यक्ष | सिफारिस गर्ने ईन्जिनियर | प्रमाणित गर्ने |

Scanned by CamScanner